स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




फिल्मको भाग्य पनि अनौठोको हुन्छ। कहिलेकाहीँ ठूलो स्टारकास्ट, भारी लगानी, र व्यापक प्रचार गरिएका फिल्मले अपेक्षित परिणाम दिन सक्दैनन्। बरु खासै अपेक्षा नगरिएका फिल्महरूले बक्स अफिसमा कीर्तिमान बनाउँछन्। दर्शकको रुचि, प्रचार शैली, प्रदर्शनको समय लगायतका पक्षले व्यापारमा प्रभाव पार्ने भएकाले प्रदर्शनपूर्व फिल्मको भविष्यबारे पूर्वानुमान गर्न सकिँदैन।

आजको विचार...



नेपालको...
*(दुई पेजमा)*

शंकरप्रसाद रिजाल



अभिनेत्री स्वस्तिमा खड्काले पहिलोपटक केमा अभिनय गरेकी थिइन् ? धेरैको जवाफ हुन्छ- 'होस्टेल रिटर्न्स' फिल्म। तर, उनले त्यसअघि नै चर्चित हाँस्य टिभी श्रृंखला 'भद्रगोल' मा अभिनय गरिसकेकी थिइन्। 'होस्टेल रिटर्न्स' २१ अगस्ट, २०१५ मा हलमा रिलिज भएको थियो। नेपाल टेलिभिजनमा प्रसारण भएको थियो (भिडियो हेर्न क्लिक गर्नूस)। निर्देशक शंकर आचार्यले भ्यालेन्टाइन्स डेको कथावस्तुको सन्दर्भमा स्वस्तिमालाई अभिनय गराइएको बताए।


❑ वर्ष ३१ अंक १२० ❑ २०८२ मंसिर ११ गते बिहीबार 27 November 2025, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### मलेसियामा भीषण बाढी ३० को मृत्यु

(रासस/एएफपी)

**बैङ्कक,** मंसिर १०/दक्षिणी थाइल्यान्डमा आएको बाढीका कारण ज्यान गुमाउनेको सङ्ख्या बुधबारसम्म ३३ पुगेको छ । बाढीका कारण थाइल्यान्ड र छिमेकी मलेसियामा हजारौँ मानिस विस्थापित भएका छन् । निरन्तर परेको भारी वर्षाले दक्षिणी प्रान्तहरूमा जनजीवन पूर्णरूपमा अस्तव्यस्त बनेको अधिकारीहरूले बताएका छन् । थाई सरकारले दक्षिणी सोङ्खला प्रान्तमा मंगलबार आपतकालीन अवस्था घोषित गरेको छ । गत हप्ताको अन्त्यदेखि परेको अविरल वर्षाले हट याईजस्ता प्रमुख पर्यटन क्षेत्रदेखि अन्य दक्षिणी भागसम्म डुबान व्यापक रहेको छ । एएफपीले बुधबार सार्वजनिक गरेका तस्वीरहरूमा हट याईका आवासीय क्षेत्रका सडक र घरका भुइँतला पानीमुनि डुबेको देखिन्छ । थाई सरकारका प्रवक्ता सिरिपोङ अङ्कासाकुलकियातले सात प्रान्तमा ३३ जनाको मृत्यु भएको पुष्टि गर्दै तीमध्ये आकस्मिक बाढी, करेन्ट लागेर मृत्यु र डुबानका घटना प्रमुख कारण रहेको बताए । उनका अनुसार दक्षिणी भागमा पानीको सतह क्रमश: घट्ने अनुमान गरिएको छ । विपद् रोकथाम तथा न्यूनीकरण विभागले करिब दश लाख जनसङ्ख्या रहेको सात प्रान्तमा गम्भीर बाढी फैलिएको र हजारौँ बासिन्दा घर तथा होटलमै फसेको जानकारी दिएको छ ।

# पर्यटकको पर्खाइमा धुर्कोटको विचित्र गुफा

जनार्दन घिमिरे/रासस

**गुल्मी,** मङ्सिर १०/गुल्मीको पर्यटकीय क्षेत्रका रुपमा चिनिने विचित्र गुफा यतिबेला पर्यटकको पर्खाइमा छ । सुन्दर आकर्षक र कलात्मक देखिने उक्त गुफा आन्तरिक एवं बाह्य पर्यटकका लागि मुख्य आकर्षक गन्तव्यस्थल मानिन्छ । धार्मिक एवं पर्यटककीय महत्व बोकेको उक्त गुफा यतिबेला थप आन्तरिक एवं बाह्य पर्यटकको प्रतीक्षामा छ ।

विचित्र गुफा जिल्ला सदरमुकाम तम्घासदेखि पाँच कोष उत्तरमा पर्दछ । धुर्कोट गाउँपालिका-५ स्थित वस्तुमा रहेको उक्त गुफा पर्यटकहरुका लागि आफैँमा साँच्चिकै विचित्रको छ । विसं २०४५ मा बारीमा मकै खान गएको ढेँडुबाँदरलाई लखेट्ने क्रममा स्थानीय जनार्दन भण्डारीले पहिलो पटक उक्त गुफा पत्ता लगाएका थिए । भण्डारीले आफ्नो बारीमा मकै खान आएको अवस्थामा ढेँडुबाँदरलाई देखेर लखेट्दै जाने क्रममा



उक्त ढेँडुबाँदर एकाएक पहरा (चट्टान) को बीचमा रहेको सानो प्वालबाट भित्र पसेको बताइन्छ । पछि स्थानीयको केही समूह राँको बालेर ढेँडुबाँदर पसेको ठाउँ हेर्दै जाँदा त्यस क्षेत्रमा ठूलो गुफा रहेको पत्ता लगाएको स्थानीय युवराज भण्डारीले बताए । गुफा पत्ता लागेपछि विगत लामो सयमदेखि विचित्र गुफा हेर्नका लागि आन्तरिक पर्यटकहरुको घुइँचो लाग्ने गर्दथ्यो । पछिल्लो समयमा बाह्य क्षेत्रमा समेत विचित्र गुफाको प्रचारप्रसार हुन थालेपछि गुफा हेर्नका बेलाबेलामा विदेशी पर्यटकहरु समेत आवागमन बढ्न थालेको हो । विगतको समयमा फाटफुट रुपमा केही विदेशी नागरिक गुफा हेर्नका लागि आउने गरे पनि पछिल्लो समयमा फ्रान्स जर्मनी र बेलायतका नागरिकहरु पर्यटककै रुपमा गुफा हेर्नका लागि आउने गरेको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखेलले बताए । धेरै विदेशी नागरिकहरु सिर्सेनीमा रहेको अरबिन्द्र आश्रममा योग साधनाका लागि आएका अवसरमा एकपटक गुफामा पुगेर फर्कने गरेको अध्यक्ष पोखेलले बताए । विचित्र गुफाको लम्बाइ १८५ मिटर छभने चौडाइ ३५० मिटर रहेको छ । ठूलो र चौडा भूभागमा फैलिएका गुफाको मुख्य द्वारबाट भित्र पसेपछि थप पाँचवटा द्वारहरुको प्राकृतिक आकार देख्न सकिन्छ । विचित्र गुफा बाहिरको प्रकृतिक सुन्दरताले गुफाको थप सौन्दर्यता बढाएको छ । गुफामा पुग्ने आन्तरिक एवं बाह्य पर्यटकहरुलाई त्यहाँको इतिहास तथा धार्मिक महत्वका बारेमा जानकारी गराउने प्रचलन छ । गुफाको मुख्य ढोकाबाट प्रवेश गरेपछि भित्ताहरुमा देखिने विभिन्न आकृतिहरुले एकपटक सबैको ध्यान केन्द्रित गर्दछ । विचित्र गुफाको मुख्य आकर्षण भनेको 'स्वर्ग जाने बाटो' हो । यो धार्मिक दृष्टिकोणले पनि निकै महत्वपूर्ण मानिन्छ । 'स्वर्ग जाने बाटो' पुगेपछि गुफाको गन्तव्य टुङ्गिन्छ । स्वर्ग जाने बाटोमा धर्मात्माहरु मात्र भित्र पस्न सक्छन् भन्ने मान्यता छ । स्वर्गजाने बाटो एकदमै साँगुरो छ र त्यहाँ स्पष्ट देख्न सकिने एउटा दृश्य हात्तीको भीमकाय शरीर हो । त्यहाँ प्राकृतिक रुपमा हात्तीको शरीर, पुच्छर र सुँड स्पष्ट रुपमा देख्न सकिन्छ । त्यसदेखि अगाडि कुनै पनि दृश्य नभएको कारण उक्त ठाउँलाई विचित्रताको अन्तिम दृश्यका रुपमा मानिन्छ । जुन मानिस उक्त स्वर्ग जाने बाटो भित्र छिर्न सक्छन् उनीहरुले आफूलाई साह्रै भाग्यमानी सम्झने गर्दछन् । गुफाभित्र रहेका विभिन्न जनावरका आकृतिले गुफाको सौन्दर्यतालाई थप शोभा थपिदिएको छ । गुफाको पर्यटकन प्रवर्द्धन तथा संरक्षणका लागि स्थानीय पालिका, प्रदेश र सैबाट गरी दुई करोडभन्दा बढी लगानी भइसकेको गाउँपालिका अध्यक्ष पोखेलले बताए । सदरमुकाम तम्घासबाट १८ किलोमटरको दूरीमा रहेको उक्त गुफामा पुग्न यातायात र पैदल मार्ग हुँदै सजिलै पुग्न सकिन्छ ।

## नवलपरासीमा एमसीसीको विद्युत प्रसारण लाइनको काम सुरु



**परासी,** मंसिर १०/नवलपरासीमा एमसीसीको विद्युत प्रसारण लाइनको काम सुरु भएको छ । नेपाल सरकार मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए-नेपाल)ले निर्माण गर्न लागेको ४०० केभीको विद्युत् प्रसारण लाइनको काम सुरु भएको हो ।

नवलपरासीको सुनवल नगरपालिका-१३ सूर्यबस्तीमा सबस्टेशन निर्माण गरेर १८ किलोमिटरको अन्तरदेशीय विद्युत् प्रसारण गरिने छ । त्यसका लागि बुधबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डीन आर थम्प्सनले संयुक्तरूपमा न्यूबुटवल सबस्टेशन र प्रसारण लाइनको शिलान्यास गरेका छन् । प्रसारण लाइनले नवलपरासीको १८ किलोमिटरलाई समेट्ने छ । बर्दघाटदेखि सुनवल, रामग्राम नगरपालिका हुँदै नेपाल-भारत सीमामा रहेको पाल्हीनन्दन गाउँपालिका-१ को दसगजा क्षेत्र नजिक प्रसारण लाइनको अन्तिम बिन्दु हो ।

त्यहाँबाट नेपाललाई बढी भएको विद्युत् भारत र बंगलादेश सप्लाई गरिने छ। यो ऊर्जा पूर्वाधारले आगामी दशकभित्रमा १० हजार मेगावाट बिजुली निर्यात गर्नमा सघाउ पुर्‍याउने एमसीए नेपालले जनाएको छ । प्रसारण लाइन विस्तारका लागि दुई भारतीय कम्पनीले निर्माणको जिम्मेवारी लिएका छन् ।

## 'नागरिकले मागेका सूचना लुकाउनु हुँदैन'

भरत शर्मा

**पाल्पा,** कार्तिक १०/राष्ट्रिय सूचना आयोगका पूर्व सूचना आयुक्त कृष्णहरि बास्कोटाले सूचना नलुकाउन सबै सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारी र पत्रकारहरुलाई आग्रह गरेका छन् । बुधबार जिल्ला प्रशासन कार्यालय पाल्पाले आोजना गरेको 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा सूचना अधिकारी र सञ्चारकर्मीको भूमिका' विषयक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । बास्कोटाले जनताको सूचनाको अधिकारलाई कसैले पनि कमजोर पार्न नहुने धारणा व्यक्त गरे । उनले भने, "जति गोप्य गर्न खोज्नु हुन्छ, लुकाउन खोज्नु हुन्छ त्यति नै जटिलता हुन जान्छ, त्यसैले पारदर्शीता अपनाउँदै अरुले जान्न पाउने



अधिकारको संरक्षण गर्नुहोस् ।" संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा प्रदत्त गरेकाले कार्यालयका सबै सूचना अधिकारीले नागरिकलाई सानो ठूलो नभनी मागेको सूचना दिन उनले आग्रह गरे । बास्कोटाले पत्रकारले स्वच्छ, निष्पक्ष पत्रकारीता गर्नु धर्म रहेको बताउँदै सबैको सकारात्मक सोच भएमात्र समाज र राष्ट्र बलियो बन्ने वताए । कर्मचारीलाई मुस्कानसहितको सेवा दिनु पर्ने, धनि, गरिब, ठूलो, सानो नभनी समान व्यवहार गर्न आग्रह गर्दै उनले जीवनको घडट्टीमा जबसम्म ब्याट्री सकिदैन तबसम्म चलिरहने हुँदा सबैको प्रिय भएर रहनु पर्ने कुरामा जोड दिए । बास्कोटोले हरेक नागरिकलाई आफ्नो व्यक्तिगत सरोकार र सार्वजनिक महत्वका सूचना माग्दा पाउने अधिकार भएको स्पष्ट पारे । नागरिकले सूचना नमागे पनि २० वटा विषयको सूचना हरेक सार्वजनिक कार्यालयले स्वत: सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था रहेको स्मरण गराउँदै उनले सूचना नदिए, लुकाए र स्वत: सार्वजनिक हुनुपर्ने सूचना प्रकाशित नगरेमा सम्बद्ध निकायको प्रमुख र सूचना अधिकारीले कारवाहीको भागीदार बन्नुपर्ने समेत उनले बताए । सूचना जति धेरै प्रवाह गर्न सक्यो नागरिक त्यति नै धेरै शक्तिशाली हुने बास्कोटाको भनाइ थियो । कार्यक्रममा कार्यालयका सूचना अधिकारी र सञ्चारकर्मीहरुको सहभागिता थियो । प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुंवरको अध्यक्षता, सहायक प्रमुख जिल्ला अधिकारी ऋषीराम सुवेदीको सञ्चालनमा कार्यक्रमको भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## चिसोमा सजगता अपनाऔं

कात्तिकदेखि नै बिस्तारै तापमान न्यून हुँदै गई चिसो बढ्न थालेको छ । कात्तिकलाई उछिन्दै मङ्सिरमा थप चिसो बढेको छ । पुस तथा माघका दिन त अझ चिसो हुने नै छन् । पृथ्वीको उत्तरी गोलार्धमा कात्तिकदेखि माघसम्मका दिनमा तापक्रम तल आउनु भूगोलीय बाध्यता हो । हिउँदका बेला उत्तरी गोलार्धका कतिपय भूभागमा तापमान माइनसमै जान्छ । अरु बेला गर्मीले खपिनसक्नु हुने स्थानमा समेत हिउँदका दिनमा तापमान तल झर्छ । दिनमा भन्दा रातमा अझ तापमान तल झर्ने गर्छ । तराईमा समेत शीतलहर पर्न गयो भने दिनमै पनि बसिनसक्नु चिसो बढ्छ । दिनमै चिसो हुने तराई रातमा झनै चिसो हुन्छ । हिमाल, पहाड र तराई जतासुकै भए पनि चिसोले थप कष्ट लिएर आउँछ । अझ विपन्न वर्गका निम्ति त चिसोको मौसम कहर बनेरै आउँछ । बालबालिका, वृद्धवृद्धा, रोगले सताएका मानिसका निम्ति हिउँदका दिन सहज हुँदैनन् ।

चिसो मौसमसँगै मौसमी झ्लू, रुघाखोकी,निमोनिया जस्ता समस्याहरुले बढी नै सताउने गर्छ । त्यसमाथि बालबालिका, वृद्ध तथा गर्भवती र रोगप्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई जाडोको यो समयमा धेरैरोग लाग्ने गर्छ । जाडो याम सुरु भएलगत्तै धेरै रोगले सताउने भएकाले उनीहरूका लागिजाडो शत्रुबराबर हुन्छ । नेपालमा जाडो सुरु भएपछि पाँच वर्षमुनिका बालबालिकामा निमोनियाको संक्रमण बर्सेनि अलि बढी हुने गरेको छ । निमोनियाबाट बचाउनका लागि बालबालिकाको लागि खोप लगाउनुपर्छ, पोषणयुक्त खुराक पर्याप्त दिनुपर्छ र चिसोमा निक्लिन दिनु हुन्न । चिसो मौसममा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ । चिकित्सकले अधिक चिसोबाट स्ट्रोकदेखि ज्वरो, श्वासप्रश्वास, घाँटीको समस्याले सताउने गर्दछ । यस्तो अवस्थामा खानपान र रहनसहनमा समेत उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । झोलपदार्थ खानेकुराका साथै हरियो सागपात खाँदा चिसोमा रोगले आक्रमण गर्ने सम्भावना कम हुने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्दछ । यसर्थ बढ्दो चियोबाट बच्च उच्च सजगता अपनाउन जरुरी छ ।

### Opinion @ Socia Network

गल्ती नै गर्नु पर्छ भन्ने छैन, जब मन भरिन्छ नि,
मान्छेहरु त्यसै टाढिन सुरु गर्छन् ।
*(सानु तामाङको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sanu.tamang)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको राजनीतिक अस्थिरता, जटिलता र निकास



**शंकरप्रसाद रिजाल**

*पछिल्लो समय नातावाद सरुवा रोग जस्तै भएको छ । ट्रान्स पेरेन्सी इन्टरनेसनलको आंकलन अनुसार नेपालमा प्रत्यक वर्ष ३.३ बिलियन युएस डलर अर्थात् साढे चार खर्ब नेपाली रुपैयाँ भ्रष्टाचार हुने गरेको छ । नेपालमा नातावादको हाँगाविगा पनि निकै छरिएका छन् । नेताका सबैजसो छोराछोरी विदेशमा पुग्ने गरेका छन् । कोही अध्ययन गरी त्यही बस्छन् । कोही विदेशमै वसी व्यापार गरी अकुत सम्पत्ति कमाइ आफ्नो र परिवारको आर्थिक स्तरोन्नति गर्छन् । गरिव जनताको जीवनस्तर सधैं जस्ताको त्यस्तै रहने र उनैका नातागोता राज्यको माथिल्लो पदमा रही राज्यसत्ताको दुरुपयोग गरिरहेका हुन्छन् । युवाहरूको अन्तुष्टि र बेरोजगारी : नेपालमा विशेष गरेर गणतन्त्र आएपछि युवाहरूले ग्रहण गरिरहेको शिक्षा अनुसार मिल्दो रोजगार छैन । यसले युवा वर्गमा व्यापक असन्तुष्टि बढाएको छ । नेपालमा रहेका अधिकांश उद्योग, कलकारखानाहरू पनि बन्द अवस्थामा छन् । यसले देशमा रोजगारको अवसर गुमेको छ । देशमा रोजगारी नहुँदा नचाहेरै भए पनि उनीहरू विदेशमा आफ्नो श्रम बेच्न बाध्य भएका छन् । यसले नेपाललाई ठूलो क्षति पुगेको छ । देश बनाउने पाखुरी बाहिरिँदा हाम्रो समृद्धिमा नै धक्का पुगिरहेको छ । पार्टीहरू विखन्डन र धुर्वीकरण : राजनीतिक दलमा व्यापक धुर्वीकरण हुनु, शक्ति हातपार्न एकले आर्कोलाई भित्रिरुपमा असहयोग गर्दै विवाद सिर्जना गरिरहनुले मुलुकमा अस्थिरता बढ्ने जोखिम रहन्छ ।*

नेपाल राजनीतिक अस्थिरताको भूमरिमा छ । पटक/पटक सरकार परिवर्तन हुनु, विभिन्न काण्डमा फस्नुले देशमा राजनीतिक अस्थिरता सिर्जना भएको हो । पछिला २० वर्षमा २८ पटक सरकार परिवर्तन भयो । सयौं अनियमितताका प्रकरण बाहिर आए । भ्रष्टाचार चरम चुलीमा पुग्दा जनतामा राजनीतिक दल र व्यवस्थामाथि निरासा छाइरहेको छ। यस्ता गतिविधिकै कारण मुलुक राजनीतिक अस्थिरतामा धकेलिएको हो । राजनीतिक अस्थिरताका अन्य कारण निम्नानुसार छन।

**भ्रष्टाचार र नातावाद :** भ्रष्टाचार र नातावाद सुशासनको प्रमुख बाधक तत्व हो । यसले मुलुकको समृद्धिमा ठूलो क्षयीकरण गर्दछ । नातावाद हाबी हुँदा सक्षम व्यक्ति सही ठाउँमा पुग्न सक्दैन । यस्तो हुँदा पहुँचको भरमा पुगेको व्यक्ति पावरमा भएकाहरूको एसमेनका रुपमा काम गर्छ । पछिल्लो समय नातावाद सरुवा रोग जस्तै भएको छ । ट्रान्स पेरेन्सी इन्टरनेसनलको आंकलन अनुसार नेपालमा प्रत्यक वर्ष ३.३ बिलियन युएस डलर अर्थात् साढे चार खर्ब नेपाली रुपैयाँ भ्रष्टाचार हुने गरेको छ । नेपालमा नातावादको हाँगाविगा पनि निकै छरिएका छन् । नेताका सबैजसो छोराछोरी विदेशमा पुग्ने गरेका छन् । कोही अध्ययन गरी त्यही बस्छन् । कोही विदेशमै वसी व्यापार गरी अकुत सम्पत्ति कमाइ आफ्नो र परिवारको आर्थिक स्तरोन्नति गर्छन् । गरिव जनताको जीवनस्तर सधैं जस्ताको त्यस्तै रहने र उनैका नातागोता राज्यको माथिल्लो पदमा रही राज्यसत्ताको दुरुपयोग गरिरहेका हुन्छन् ।

**युवाहरूको अन्तुष्टि र बेरोजगारी :** नेपालमा विशेष गरेर गणतन्त्र आएपछि युवाहरूले ग्रहण गरिरहेको शिक्षा अनुसार मिल्दो रोजगार छैन । यसले युवा वर्गमा व्यापक असन्तुष्टि बढाएको छ । नेपालमा रहेका अधिकांश उद्योग, कलकारखानाहरू पनि बन्द अवस्थामा छन् । यसले देशमा रोजगारको अवसर गुमेको छ । देशमा रोजगारी नहुँदा नचाहेरै भए पनि उनीहरू विदेशमा आफ्नो श्रम बेच्न बाध्य भएका छन् । यसले नेपाललाई ठूलो क्षति पुगेको छ । देश बनाउने पाखुरी बाहिरिँदा हाम्रो समृद्धिमा नै धक्का पुगिरहेको छ । केही तथ्यांकले नेपालमा २० प्रतिशतले बेरोजगारीको दर बढेको देखाएको छ । यस्तो हुँदा सरकार र जनताबीचको दूरी पनि बढ्दै गएको छ ।

**पार्टीहरू विखन्डन र धुर्वीकरण :** राजनीतिक दलमा व्यापक धुर्वीकरण हुनु, शक्ति हातपार्न एकले आर्कोलाई भित्रिरुपमा असहयोग गर्दै विवाद सिर्जना गरिरहनुले मुलुकमा अस्थिरता बढ्ने जोखिम रहन्छ । यसबाट सरकारको प्रशासनिक तहमा निक्कै प्रभाव पर्छ । प्रशासनीक तह अस्थिर र चलाएमान हुँदा सुशासनमा अवरोध सिर्जना हुन्छ ।

**बाह्य प्रभाव र अवरोध :** नेपाल दुई विशाल देशको बीचमा छ । नेपालको उत्तरमा चीन र दक्षिणमा भारत अवस्थित छन् । दुई विशाल देशको दवाव र प्रभाव हाम्रो जस्तो सानो मुलुकमा हुनु स्वाभाविक हो । यस्तोमा नेपालले दुवै देशसँग उत्तिकै समदूरी र सुमधुर सम्बन्ध राख्नु पर्ने हो । तर, दुई देशबीचको सम्बन्धलाई सधैं सुमधुर राख्न सक्ने परराष्ट्र शिल्पताको कमी भएकोले नेपालप्रति उनीहरूको दृष्टिकोण फरक र कमजोर छ । कहिले भारत निकट देखिने त कहिले चीन निकट देखिने नेपालको भूमिकाले हामी परराष्ट्र नीतिमा कमजोर छौं ।

**संवैधानिक र संस्थागत कमजोरी :** आर्को राजनीतिक अस्थिरता हुनुको प्रमुख कारण संविधान निकै विवादपूर्ण हुनु हो। राजनीतिमा नेताहरू हालीमुहाली गरी बस्न सक्ने भावका धाराहरू नेपालको संविधानमा छन् । यसले बेला बखत राजनीतिक दलहरू बीच नै विवाद उत्पन्न गराइदिन्छ । समानुपातिक भनी प्रत्यक पार्टीबाट ठूला नेता चुनावमा जित्न नसकी ओझेलमा पर्नु, पिछडीएका प्रभुत्व वर्गलाई संसद बनाउनु पर्नेमा आफू निकट व्यक्तिलाई सांसद बनाउनु जस्ता कमजोरीले देश थप अप्ठ्यारोमा पर्दै आएको छ ।

**जवाफ देहिता र दण्ड हिनताको अभाव :** सरकारको उच्च पदमा रहेका नेता, प्रधानमन्त्री, मन्त्री, सचिव र अन्य उच्च पदस्त कर्मचारीको जवाफदेहिता हिनता र दण्डसजाय हिनताको अवस्थाले डर लाग्दो रुप लिएको छ । यस्तो हुँदा असल मानिसको पनि मनोबल खस्किन्छ । आफ्नो स्वार्थ पूर्तिका लागि दण्ड हिनताको अवस्था सिर्जना हुनु शक्तिको दुरुपयोग हो । यस्तो हुँदा व्यापक शक्तिको दुरुपयोग हुने र राजनीतिलाई बबुचाको पसल सरह बनाई मनपरी तन्त्र फस्टाउने हुन्छ । यसले ज्यादै अस्थिरता बढाउँछ ।

**जुलुस र प्रदर्शन :** नेपालमा जुनसुकै व्यवस्था आए पनि सरकार चलाउने सत्ता धारीले देशको आवस्था र जनताको माग तथा आपूर्तिलाई सधैं लत्याएको पाइन्छ । यसले देशको राजनीतिलाई पचासौं वर्षदेखि अस्थिर तुल्याउँदै आएको छ । यस्तो अवस्थामा राजनीति जनतामुखी नभइ कार्यकर्तामुखी हुन्छ । यसले जनतामा निराशा बढाउँछ र उनीहरू त्यो प्रवृत्तिका विरुद्ध जुलुस तथा प्रदर्शनमा उत्रिन बाध्य हुन्छन्। हालै भएको जेनजी आन्दोलन पनि यही वितृष्णाको प्रतिफल हो । यो अवस्थाको अन्त्यका लागि सरोकारवाला सबैले केही महत्त्वपूर्ण विषयमा ध्यान दिनुपर्छ ।

**संस्थागत विकासमा जोड दिने :** देशमा रहेका प्रत्यक संस्थालाई बलियो बनाउनुपर्छ। स्वतन्त्र र जनमुखी बनाउनुपर्छ। जवाफदेही बोध गराउने प्रवृत्तिको विकास गर्नुपर्छ। असल, चुस्त र पारदर्शी प्रशासनीक संयन्त्रको विकास गर्नुपर्छ ।

**आर्थिक विकास प्रवर्द्धन र रोजगारीको सिर्जना :** हरेक संस्थामा आर्थिक उन्नयन र रोजगारीको अधिक मौका प्रदान गरेमा जनताको वितृष्णामा एकदमै कमी आउँछ। त्यसैले हरेक इन्टिच्युसनमा यी विषयको अपरिहार्यता छ। यस्तो हुँदा धेरै हदसम्म जनताको वितृष्णा कम गर्न सकिन्छ ।

**समावेसीता र प्रतिनिधित्वको राजनीति**

जनताहरूका असन्तुष्टीलाई विस्तारै न्यून गर्न समावेसीता र समान प्रतिनिधित्वलाई प्रोत्साहन गर्नुपर्छ। यसबाट हरेक जनताको इच्छा र आकांक्षा पूरा हुन जान्छ । यसले राजनीतिक स्थिरता आउने सम्भावना रहन्छ ।

**भ्रष्टाचार र दण्ड हिनताको कठोर निर्देशन :** भ्रष्टाचार र गलत नियतका सरकारी कर्मचारीलाई नियन्त्रण गर्न कठोर नियम तथा नीति निर्माण आवस्यक छ । त्यससँगै त्यस्तो नीतिको प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ । नेता र प्रत्यक कर्मचारीलाई यस्तो नीतिबारे राम्रो ज्ञान प्रदान गर्दै आफ्नो कर्मप्रति जवाफदेही बनाउनुपर्छ । यस्तो हुन सकेमा मात्र हामीले मुलुकमा सुशासन कायम गर्न सक्छैं ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : छोटो समयमा राम्रो फाइदा उठाउन सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। | **तुला** : प्रेममा मधुरता छाउनेछ । काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **वृष** : मनमा सहयोग भाव आउला । प्रेम सम्बन्धपनि कसिलो हुनेछ । | **वृश्चिक** : नयाँ अवसर निर्माण गर्न सकिनेछ। शिक्षाको क्षेत्र फराकिलो बन्नेछ। |
| **मिथुन** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । | **धनु** : ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । धार्मिक यात्रा हुनसक्छ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । रतिरागपनि बढ्नेछ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। परिश्रमको उपलब्धि राम्रै पाइनेछ । |
| **सिंह** : नयाँ योजनाहरू क्रियान्वित गर्न सक्नुहुनेछ। सवारी चलाउँदा सावधान रहनुहोला। | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ। दिनको उत्तरार्धमा खर्च बढ्नेछ । |
| **कन्या** : गरेको कार्यमा सफलता मिल्नेछ। वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । | **मीन** : महत्वकांक्षी योजनाहरू प्रारम्भ हुनेछन्। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। |




निबन्ध ● प्रविधि पोखरेल

# म यस्तो नेपाल चाहन्छु जहाँ...

**अस्पतालको सुविधा नहुँदा, डाक्टर नपाउँदा वा औषधि नहुँदा धेरैले अकालमै मृत्युवरण गर्नुपर्छ ।**

नेपाल मेरो सुन्दर बगैँचा हो, तर फूलहरू अझै खिल्न बाँकी छन् । नेपाल प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले धनी देश हो । हिमाल, पहाड र तराईको सम्मिश्रणले नेपाललाई विश्वमै अद्वितीय बनाएको छ । वीर गोर्खालीहरूको त्याग, संस्कृति र परम्पराले नेपाललाई चिनाएको छ । अझै पनि हाम्रो देशले अनेकौं समस्यासँग जुध्नुपरेको छ । यसैले हामी सबै नेपालीको चाहना एउटै छ– एक सुरक्षित, समृद्ध र सुखी नेपाल । म यस्तो नेपाल चाहन्छु जहाँ प्रत्येक नेपालीले गर्वका साथ भन्न सकुन्– म नेपाली हुँ र मेरो देश विश्वकै नमुना बन्न सक्छ ।

**शिक्षा र सचेतनामा आत्मनिर्भर नेपाल बन्न सकोस्** : नेपालको विकासको मेरुदण्ड शिक्षा हो । आज पनि नेपालका धेरै गाउँमा आधारभूत शिक्षा पाउने अवस्था छैन । धेरै बालबालिकाले विद्यालय जान पाउँदैनन् । शिक्षा नभएरै बेरोजगारी, गरिबी र पछौटेपन बढेको छ । म यस्तो नेपाल चाहन्छु जहाँ प्रत्येक बालबालिकाले नि:शुल्क र गुणस्तरीय शिक्षा पाउन् । शिक्षा केवल किताबमा सीमित नभई जीवनोपयोगी बनोस् । विज्ञान, प्रविधि र सीपमूलक शिक्षाले युवालाई आत्मनिर्भर बनाओस् । गाउँगाउँमा डिजिटल पुस्तकालय र इन्टरनेटको सहज पहुँच होस् ।

**स्वास्थ्य र आधारभूत सुविधा भएको नेपाल बनोस्** : नेपालका ग्रामीण क्षेत्रमा अझै पनि स-साना रोगले मानिसको ज्यान लिन्छ । अस्पतालको सुविधा नहुँदा, डाक्टर नपाउँदा वा औषधि नहुँदा धेरैले अकालमै मृत्युवरण गर्नुपर्छ । म यस्तो नेपाल चाहन्छु जहाँ प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध होस् । गाउँ-गाउँमा स्वास्थ्यचौकी र अस्पताल सशक्त रूपमा सञ्चालन होस् । आमा-बच्चाको मृत्युदर शुन्यको नजिक पुगोस् । मानिसले रोगको कारण विदेश धाउनुपर्ने बाध्यता अन्त्य होस् ।

**भ्रष्टाचारमुक्त र इमानदार नेपाल**

नेपालको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार हो । विकासका लागि आएको बजेट नेताहरू र ठेकदारहरूले खान्छन् । सरकारी काम गर्नुपर्दा घुस दिनुपर्छ । न्यायालयमा धनीको पक्ष लाग्छ, गरिब पीडित वञ्चित हुन्छन् । म यस्तो नेपाल चाहन्छु जहाँ नेताहरू इमानदार बनुन् र राष्ट्रलाई सेवा गर्ने भावनाले अघि बढुन् । कुनै पनि नागरिकले घुस तिरेर मात्र सेवा लिनु नपरोस् । कानुन सबैका लागि समान होस्, धनी-गरिबका आधारमा कसैलाई छुट नहोस् । बालबालिकाले नेता भ्रष्ट होइन आदर्श व्यक्तित्व हुन्छ भनेर बुझ्न पाउन् ।

**प्रविधि र वैज्ञानिक सोचको नेपाल**

आजको युग प्रविधिको युग हो, तर प्रविधिको गलत प्रयोगले हाम्रो समाजमा नकारात्मक असर पारेको छ । सामाजिक सञ्जालको दुरुपयोगले वैमनस्यता फैलाएको छ । प्रविधिको सही प्रयोगले देशलाई विकासको फड्को मार्न सक्छ । म यस्तो नेपाल चाहन्छु जहाँ कृषि, स्वास्थ्य र रोजगारीमा प्राविधिक शिक्षा जोडियोस् । युवाले आफ्नै देशमै प्रविधि प्रयोग गरेर रोजगारी सिर्जना गर्न सकुन् । सरकारी सेवाहरू डिजिटलाइज्ड होउन्, जसले गर्दा पारदर्शिता बढोस् । नेपाली युवाले विदेश जानुपर्ने बाध्यता हटेर यहीं बसी प्रविधिमार्फतै देशलाई योगदान दिन सकुन् ।

**रोजगारी र आत्मनिर्भर नेपालको सपना** : हजारौं नेपाली युवा रोजगारीको खोजीमा विदेश जान बाध्य छन् । कोही खाडी मुलुकमा कठोर काम गर्छन्, कोही विदेशमा श्रम बेचेर देशको अर्थतन्त्र धान्छन् तर आफ्नै देशमा अवसर नपाउँदा प्रतिभा विदेश पलायन हुनु दु:खद छ । म यस्तो नेपाल चाहन्छु जहाँ युवाले आफ्नै देशमा रोजगारी पाउन सकुन् कहिलेकाहीँ जातीयता, क्षेत्रीयता र राजनीतिक द्वन्द्वले देश टुक्रिएको अनुभूति हुन्छ । म यस्तो नेपाल चाहन्छु जहाँ सबै नेपालीबिच भाइचारा र एकता कायम रहोस् । जात-धर्मका आधारमा भेदभाव नहोस् । नेपाली भएर गर्व गर्ने भावना सबैको मनमा बसोस् । विदेशमा रहेका नेपालीले एक अर्कालाई देख्दा हर्षले 'हामी नेपाली हौं' भन्न सकुन् ।

**वातावरणमैत्री र हरियाली नेपाल**

नेपाल प्राकृतिक स्रोत र सम्पदाले धनी देश हो । तर वन विनाश, प्रदूषण, नदीमा फोहोर, हावामा धुलो-धुवाँ बढ्दो छ । वातावरण बिग्रँदा मान्छेको जीवन कष्टकर बन्दै छ । म यस्तो नेपाल चाहन्छु जहाँ वन-जंगल सुरक्षित होस् र वृक्षारोपण अभियान सशक्त रूपमा चलोस् । सहर सफा सुगन्धित बनोस्, धुलो-धुवाँ कम होस् । जलस्रोतको संरक्षण गरेर जलविद्युत् उत्पादन गरी सबैलाई बिजुली सुलभ होस् । पर्यटनले वातावरणमैत्री स्वरूपमा प्रगति गरोस् ।

**महिला सशक्तीकरण र लैंगिक समानता भएको नेपाल** : आज पनि धेरै स्थानमा महिलाहरू हिंसा, असमानता र अन्याय भोगिरहेका छन् । मुलुकको विकासमा महिलाको बराबरी सहभागिता नहुँदा समाज आधा अङ्गले मात्र अघि बढ्छ । म यस्तो नेपाल चाहन्छु जहाँ महिला र पुरुषलाई समान अवसर दिइयोस् । छोरीले पनि छोराजस्तै सम्मान पाउन् । राजनीति, शिक्षा, व्यवसाय र प्रत्येक क्षेत्रमा महिलाहरूले नेतृत्व दिन सकुन् । हिंसा र विभेदको अन्त्य होस् । नेपाल गौरवशाली इतिहास र संस्कृति बोकेको देश हो । विश्वकै उचो हिमाल सगरमाथा, गौतम बुद्धको जन्मभूमि लुम्बिनी हाम्रो पहिचान हो । तर हामी आफैंले आफ्ना धरोहरको रक्षा नगरेर लापरबाही गर्दा यसको महत्त्व हराउँदै गएको छ । म यस्तो नेपाल चाहन्छु जहाँ सांस्कृतिक सम्पदाको संरक्षण प्राथमिकता होस् । विश्वका पर्यटक नेपाल आएर नेपालीपनको अनुभव गर्न सकुन् । हाम्रा मन्दिर, गुम्बा, स्तूप र पुराना कला-संस्कृतिले नयाँ पुस्तालाई गर्वको अनुभूति गराओस् ।

**समृद्ध र आत्मनिर्भर नेपालको यात्रा**

समृद्ध नेपाल भन्नासाथ उद्योग, व्यापार, कृषि उत्पादनमा प्रगति र आधुनिक भौतिक संरचनाको विकास भन्ने बुझिन्छ । आत्मनिर्भर बन्न सके मात्र नेपालले वास्तविक स्वतन्त्रताको अनुभव गर्न सक्छ । म यस्तो नेपाल चाहन्छु जहाँ नेपालले आफैं अन्न उत्पादन गरेर खाद्य सुरक्षा सुनिश्चित गरोस् । आयातभन्दा निर्यात बढी होस् । दातामुखी होइन, आत्मनिर्भर र गर्विलो राष्ट्र बन्न सकोस् । नेपाल हाम्रो साझा आँगन हो । यसलाई सुन्दर बनाउन हरेक नेपालीको भूमिका बराबर हुन्छ । राष्ट्रलाई बदल्ने शक्ति केवल नेतासँग होइन, हरेक नागरिकसँग छ । म यस्तो नेपाल चाहन्छु जहाँ सबै नेपालीलाई समान शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था होस् । सबैलाई रोजगारी वा स्वरोजगारीको अवसर मिलोस् । जनतामा शान्ति होस् र राष्ट्र समृद्ध होस् । जहाँ प्रविधिको सही प्रयोगले विकास सम्भव होस् । जहाँ भ्रष्टाचारको नामोनिसान नहोस् । जहाँ प्रत्येक नेपाली गर्वका साथ भनी सकुन् मेरो नेपाल, मेरो गौरव । नेपाल अझै सुन्दर बगैँचा हो, तर त्यो बगैँचामा अझ धेरै फूलहरू फुलाउन हामी सबैले सँगै मेहनत गर्नुपर्छ । म यस्तो नेपाल चाहन्छु जहाँ हरेक नेपाली खुसी, सुरक्षित र आत्मनिर्भर भएर बाँच्न सकुन् ।

*-रातोपाटी डटकम*

लघुकथा ● प्रकाश पाण्डे

# अपूर्व प्रेम



प्रेम विवाह गरेका सनम र सरिताले उत्कृष्ट जीवनयापन गरिरहेका थिए । एक नमूना जोडीको रुपमा उनीहरूको महिमा टाढाटाढासम्म सुनिन्थ्यो । आगो त नठोसी बल्दैन । उनीहरूको व्यवहारिक जीवनमा पनि सामान्य खटपट सुरु हुनु स्वाभाविक थियो । कहिले केटाकेटीको विषय, कहिले विचारको बेमेलबाट, कहिले एक अर्कोको आकांक्षा र मनोविज्ञानहरू नबुझ्दा, व्यक्तिगत रहरहरू पुरा नभएकोमा ,कहिले सम्मानमा हल्का आँच पुगेको महसुस गर्दा, सामान्य खटपट हुन्थ्यो । समस्याहरू आउँथे । जान्थे । हराउँथे ।

जीवन ठिक ठाकै चलेको थियो । यस्तै अति नै सामान्य छोराछोरीहरूबाट उत्पन्न भएको असमझदारीका कारण उनीहरूमा बोलचाल समेत बन्द भयो । आज भन्दै भोलि भन्दै त्यो गहिरिदै गयो मनको स्तरमा शायद । आश्चर्य त यो भयो कि करीब जीवनको झन्डै आधा जति नै समय नबोली, प्रेमविहिनता, असमझदारी र अपमानको बुझाइमा बितेको थियो । अव्यक्त घृणा र पश्चतापमा बित्यो । एक अचम्मको सास्ति भोगे । यसमा सनम नै बढी असमझदार भएको, आफूलाई नहेरेको, समझदारीमा नआएको भन्ने बुझाइ सरिताको थियो । जब सनम बिरामी परेर जीवनको अन्तिम अवस्थामा अन्तिम घडीमा ओछ्यानमा अन्तिम सास फेर्दै थियो । त्यतिबेला उसलाई महसुस भयो कि उसकी श्रीमती सरिताले उसलाई सुमसुम्याइ रहेकी छे । ततक्षण उसलाई महसूस भयो कि जीवनमा ससाना असमझदारीले यत्रो सुनौलो जीवन यसै खेर गयो । जीवन अपूर्ण भयो । तथापि तिम्रो प्रेम नै महान थियो भन्ने आशयका साथ उसले टिलपिल टिलपिल आँसु पार्दै हातमा सुम्सुम्याउँदै प्राण त्याग गर्यो । यो अत्यन्तै फदयविदारक थियो । फदयबाट प्रस्फुटन भएको प्रेमको भाषा थियो । श्रीमती सरिताले पनि बुझिन् । त्यही स्तरको महसुस गरिन् र अँगालो हालिन् । त्यहाँ अनुपम प्रेमको पुनर्मिलन थियो तर सनमको जीवन उपस्थित थिएन । लामो समयसम्म सरिताका आँखाहरू ओभाएनन् ।

*-साहित्यपोस्ट डटकम*


**Lumbini Province Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**
**Social Development Division Office, Palpa**

## INVITATION FOR Bid

**First Date of Publication: 2082/08/11 B.S.**

Social Development Division Office, Tansen, Palpa invites E-bids for the construction of following work under sealed quotation & National Competitive Bidding Procedures. All other information and Bid document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or can be received from Office located at Tansen Palpa. All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents.

| S. No. | Contract ID: | Work Description | Estimate Amounts (Ex. VAT & Contengency) | Bid Security Amount NRs. | Bid Document Amounts NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SDDOP-SQ-WORKS-082/83-01 | Construction of Building at Janta Primary School Bagnashkali Rural Municipality -02,Palpa | 1366883.23 | 40000 | 1000 | |
| 2 | SDDOP-SQ-WORKS-082/83-02 | Construction of Incomplete Building at Balkanya Bhagwati Basic School Tansen Municipality -10,Palpa | 1367248.65 | 40000 | 1000 | |
| 3 | SDDOP-SQ-WORKS-082/83-03 | Infrastructure Construction of Saraswati Secondary School Tansen Municipality -07,Palpa | 1367642.16 | 40000 | 1000 | |
| 4 | SDDOP-SQ-WORKS-082/83-04 | Construction of Truss at Kalayan Basic School Tinau Rural Municipality -05,Palpa | 1025444.20 | 30000 | 1000 | |
| 5 | SDDOP-SQ-WORKS-082/83-05 | Incomplete Building Construction at Jana Sahayog Secondary School Resunga Municipality-05, Gulmi | 1025323.58 | 30000 | 1000 | |
| 6 | SDDOP-SQ-WORKS-082/83-06 | Infrastructure Construction at Siddhababa Secondary School Resunga Municipality 08 Gulmi | 1025540.07 | 30000 | 1000 | |
| 7 | SDDOP-SQ-WORKS-082/83-07 | Construction of Compoundwall at Arjai Secondary School Malika Rural Municipality Gulmi | 1366422.41 | 40000 | 1000 | |
| 8 | SDDOP-SQ-WORKS-082/83-08 | Incomplete Building Construction at Dharmapur Secondary School Satyawati RM -3, Gulmi | 1367078.18 | 40000 | 1000 | |
| 9 | SDDOP-SQ-WORKS-082/83-09 | Construction of Wall at Satyawati Multiple Campus Satwawati RM -05, Gulmi | 1025923.12 | 30000 | 1000 | |
| 10 | SDDOP-SQ-WORKS-082/83-10 | Construction of building at Jeevanoddhar Secondary School Kaligandaki Rural Municipality 04 Gulmi | 1367541.98 | 40000 | 1000 | |
| 11 | SDDOP-SQ-WORKS 082/83 11 | Construction of Incomplete Building at Nayagaun Secondary School Dhurkot Rural Municipality -01, Gulmi | 1368027.92 | 40000 | 1000 | |
| 12 | SDDOP-SQ-WORKS-082/83-12 | Construction of Incomplete Building at Malika Primary School Madane Rural Municipality 02 , Gulmi | 1025039.51 | 30000 | 1000 | |
| 13 | SDDOP-SQ-WORKS-082/83-13 | Infrastructure Construction at Gyanjyoti Basic School Musikot Rural Municipality 09 Gulmi | 1368031.57 | 40000 | 1000 | |
| 14 | SDDOP-NCB-WORKS-082/83-01 | Construction of Building at Musikot Secondary School Musikot Municipality-04 Gulmi | 2738884.00 | 80000 | 3000 | |
| 15 | SDDOP-NCB-WORKS-082/83-02 | Infrastructure Construction at Devisthan Secondary School Ishma Rural Municipality-02 Gulmi | 2054422.00 | 60000 | 3000 | |
| 16 | SDDOP-NCB-WORKS-082/83-03 | Construction Of Truss at Sonar Bhumar Secondary School Dhurkot Rural Municipality-03 Gulmi | 20,52,854.45 | 60000 | 3000 | |

**Bid Submission Deadline for NCB Before 2082/09/13 at 12:00 PM & Bid opening date 2082/09/13 at 12:15 PM**
**Bid Submission Deadline for SQ Before 2082/08/26 at 12:00 PM & Bid opening date 2082/08/26 at 12:15 PM**

**Office Chief**

# ‘लैङ्गिक हिंसा अन्त्य गर्न सबैको साझा प्रतिबद्धता आवश्यक’



**लुम्बिनी,** मङ्सिर १०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लैङ्गिक हिंसा अन्त्यलाई समृद्ध समाज निर्माणको आधारका रूपमा अघि बढाउन सबैलाई एकजुट हुन आग्रह गरेका छन् ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान-२०८२ का अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री आचार्यले नेपालमा अझै पनि कुप्रथा, विभेदपूर्ण सोच र सामाजिक बन्धनका कारण लैङ्गिक हिंसा सहन बाध्य रहेको भन्दै यस्तो समस्या अन्त्य गर्न परिवारदेखि समुदाय र सरकारी संयन्त्रसम्मको सक्रिय भूमिका आवश्यक रहेकामा जोड दिएका हुन् । संविधानले समतामूलक, समावेशी र सहभागितामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गर्दै उनले लैङ्गिक हिंसा अन्त्यका लागि कानुनमा तोकिएका प्रावधानको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, हिंसा प्रभावितको उपचार, संरक्षण तथा पुनर्स्थापनाका उपाय थप प्रभावकारी बनाउनुपर्ने आवश्यक रहेको बताए । मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले लैङ्गिक हिंसा अन्त्यलाई विकास र समृद्धिको मुख्य आधारका रूपमा लिएको जानकारी दिए । प्रदेश सरकारले लैङ्गिक समानता नीतिनिर्माण गरी कार्यान्वयनमा ल्याइसकिएको, जसले महिला, बालबालिका तथा लैङ्गिक अल्पसङ्ख्यकको विकास, संरक्षण र सशक्तिकरणलाई प्राथमिकता दिएको उनले उल्लेख गरे । यस्तै प्रदेश सरकारले निजामती सेवामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि एक प्रतिशत आरक्षणको व्यवस्था गरी समावेशितालाई संस्थागत गर्दै लैङ्गिक समानताको अभ्यासलाई मजबुत पारेको मुख्यमन्त्री आचार्यले बताए । उनले १६ दिने अभियानले सबैलाई समानता, न्याय र सम्मानमा आधारित सभ्य, सुरक्षित तथा समुन्नत समाज निर्माणतर्फ अघि बढ्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरे ।

***---रासस***

## खेलकुद समाचार

### भारत दक्षिण अफ्रिकासँग ४०८ रनले पराजित




**काठमाडौं,** मंसिर १०/भारतसँगको दुई खेलको टेस्ट क्रिकेट शृङ्खला दक्षिण अफ्रिकाले ‘क्लीन स्वीप’ गरेको छ । गुवाहिटीमा भएको टेस्टमा घरेलु टोली भारतलाई ४ सय ८ रनले हराउँदै दक्षिण अफ्रिकाले क्लिन स्वीप गरेको हो । टेस्ट क्रिकेटमा रनको हिसाबले भारतको यो अहिलेसम्मकै ठूलो हार हो । यसअघि सन् २००४ मा नागपुरमा अस्ट्रेलियाले भारतलाई ३ सय ४२ रनले हराएको थियो । यस्तै रनको हिसाबले दक्षिण अफ्रिकाको यो दोस्रो ठूलो जीत हो । यसअघि सन् २०१८ मा जोहनेसबर्गमा दक्षिण अफ्रिकाले अस्ट्रेलियालाई ४ सय ९२ रनले हराएको थियो । यस्तै दक्षिण अफ्रिकाले भारतमा दोस्रो टेस्ट शृङ्खला जितेको हो । योभन्दा पहिलो २५ वर्षअघि सन् २००० मा दक्षिण अफ्रिकाले २-० ले क्लिन स्वीप गरेको थियो । यस्तै भारतले घरेलु मैदानमा दुई वर्षमा दुई वटा टेस्ट शृङ्खला गुमाएको छ । गएको वर्ष भारत न्युजिल्यान्डसँग ३-० ले पराजित भएको थियो । दक्षिण अफ्रिकाले दिएको ५ सय ४९ रनको लक्ष्य पछ्याएको भारत दोस्रो पारीमा पाँचौं दिनको चिया समयपछि १ सय ४० रन बनाउँदा अलआउट भयो । भारतका रविन्द्र जडेजाले सबैभन्दा धेरै ५४ रन बनाए । दक्षिण अफ्रिकाका सिमोन हार्मरले ६ विकेट लिए । दक्षिण अफ्रिकाले दोस्रो पारीमा ५ विकेट गुमाएर २ सय ६० रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । दक्षिण अफ्रिकाका ट्रिस्टन स्टुब्सले ९४ रन बनाए । भारतका रविन्द्र जडेजाले ४ विकेट लिए । यसअघि गुवाहिटीको बरसपारा क्रिकेट रङ्गशालामा टस जितेर ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ४ सय ८९ रन बनाएको थियो । दक्षिण अफ्रिकाका सेनुरन मुथुस्वामीले १ सय ९, मार्को यान्सेनले ९३ रन बनाए । भारतका कुलदीप यादवले ४ विकेट लिए । भारत पहिलो पारीमा २ सय १ रनमा अलआउट भएको थियो । भारतका यशस्वी जैसवालले सबैभन्दा धेरै ५८ रन बनाए । पहिलो टेस्टमा दक्षिण अफ्रिकाले भारतलाई ३० रनले हराएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** मंसिर १०/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक नौ दशमलव ६१ अङ्कले बढेको छ । बुधबार नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा शून्य दशमलव ३६ प्रतिशतले बढेर दुई हजार ६६५ दशमलव ६० अङ्कमा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ६४ अङ्कले बढेर ४५९ दशमलव १७ अङ्कमा पुगेको छ । बुधबार नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । कूल ३२२ कम्पनीका एक करोड ३६ लाख २० हजार ८३८ कित्ता शेयर रु छ अर्ब ६९ करोड २९ लाख ७१ हजार ९५ मा खरिद बिक्री भएको छ । मंगलबार कूल रु पाँच अर्ब ८२ करोड ३० लाख २८ हजार ६६३ मा शेयर खरिद बिक्री भएको थियो । नेप्सेका अनुसार बुधबार कारोबार भएकामध्ये वित्त, लगानी, जीवन बिमा, सामूहिक लगानी कोष र निर्जिवन बिमा समूहका उपसूचक घटेका छन् । त्यसबाहेकका अरु उपसूचक भने बढेका छन् । जसमा सबैभन्दा बढी होटल तथा पर्यटनको उपसूचक शून्य दशमलव ९९ प्रतिशतले बढेको छ । एनआरएन इन्फ्रास्टक्चरको शेयर रु ६२ करोड ४३ लाख ४३ हजार २१५ मूल्य बराबरको कारोबार भई शीर्ष स्थानमा रहेको छ ।

झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । साथै सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त, श्रीनगर एग्रोटेक इन्ड्रष्ट्री लिमिटेड, रिभरफल्स पावर लिमिटेड र माहूली लघुवित्तका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढिले कमाएका छन् । बुधबारको कारोबारमा बोटलर्स नेपाल (बालाजु)का लगानीकर्ताले शेयर मूल्यमा तीन दशमलव ९४ प्रतिशतले गुमाएका छन् ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



**वर्गिकृत डिस्प्ले**
*१X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई